# राज्यकोष तथा सङ्कलन विभागबारे बारम्बार सोधिने प्रश्नहरू

93 HIGHLAND AVENUE, SOMERVILLE, MA 02143
टेलिफोन (617) 625-6600 x-3500 फ्याक्सिमाइल (617) 666-9682 TTY (617) 666-0001
बिलहरू अनलाइनमा भुक्तानी गर्नुहोस् : www.somervillema.gov

**करहरू कहिले तिर्नुपर्ने हुन्छ?** City of Somerville मा त्रैमासिक कर प्रणाली छ र करहरू प्रति वर्ष 4 पटक तिर्नु पर्छ। कर तिर्ने मिति अगष्ट, नोभेम्बर, फेब्रुअरी र मे 1st हो। तिर्नुपर्न पहिलो दिन हप्तान्त वा बिदामा पर्छ भने, करहरू त्यसपछिको व्यावसायिक दिनमा तिर्नुपर्छ।

**आर्थिक वर्षमा कुन अवधि समाविष्ट गरिन्छ?** आर्थिक वर्ष 2022 (FY22): जुलाइ 1, 2021 र जुन 30th, 2022 मा समाप्त हुन्छ।

**कर बिलद्वारा समाविष्ट गरिएको मासिक अवधि के-के हो?**
अगष्ट 1st (त्रैमासिक 1) मा बाँकी रहेको बिलले जुलाई 1st देखि सेप्टेम्बर 30th सम्म समाविष्ट गर्छ। (प्रारम्भिक कर बिल)
नोभेम्बर 1st (त्रैमासिक 2) मा बाँकी रहेको बिलले अक्टोबर 1st देखि 31st सम्म समाविष्ट गर्छ। (प्रारम्भिक कर बिल)
फेब्रुअरी 1st (त्रैमासिक 3) मा बाँकी रहेको बिलले जनवरी 1st देखि मार्च 31st सम्म समाविष्ट गर्छ। (रियल स्टेट कर बिल)
मे 1st (त्रैमासिक 4) मा बाँकी रहेको बिलले अप्रिल 1st देखि जुन 30th सम्म समाविष्ट गर्छ। (रियल स्टेट कर बिल)

**प्रारम्भिक कर भनेको के हो?** प्रारम्भिक कर बिलहरू भनेका अनुमानित बिलहरू हुन्। अनुमान पछिल्लो आर्थिक वर्षको वास्तविक खुद कर बिलमा आधारित छ। प्रारम्भिक कर दुईवटा किस्ता (अगस्ट र नोभेम्बर) मा तिर्नुपर्छ। सुत्र: अघिल्लो FY को वास्तविक रकम x 2.5% = X. (वास्तविक रकम + X) लाई 4 ले विभाजित गर्ने।

**रियल स्टेट कर भनेको के हो?** रियल स्टेट कर भनेको आर्थिक वर्षका लागि वास्तविक कर हो। डिसेम्बरमा, मूल्याङ्कन गर्ने विभागले वर्षको कर मूल्याङ्कन गर्छ र प्रारम्भिक बिलहरूमा भुक्तानी गरिएको रकलाई करबाट घटाइन्छ। RE कर दुईवटा किस्तामा तिर्नुपर्छ (फेब्रुअरी र मे)।

**के तपाईं भुक्तानी मिति रसिदका पोस्टमार्कहरू स्वीकार्नुहुन्छ?** होइन, बिलहरू कोषाध्यक्षद्वारा प्राप्त गरिँदा भुक्तानी भएको मानिन्छ। खामहरूमा रहेको पोस्टमार्क मितिलाई भुक्तानीको मितिको रूपमा स्वीकार गरिँदैन। सबै भुक्तानीहरू तिर्नुपर्ने मितिसम्म राज्यकोष कार्यालयद्वारा प्राप्त गरिएको हुनुपर्छ। पछिका भुक्तानीहरूमा ब्याज/जरिवानाहरू लाग्ने छन्।

**विगतका तिर्नुपर्ने बिलहरूका लागि ब्याज दरहरू कति छन्?** रियल स्टेट, व्यक्तिगत सम्पत्ति र पानीका बाँकी ब्यालेन्सहरू म्यासाचुसेट्स सामान्य कानूनको च्याप्टर 59, खण्डहरू 57 र 57C को अनुसार 14% ब्याज हुन्छ। म्यासाचुसेट्स सामान्य कानूनको च्याप्टर 60, खण्ड 62 को अन्तर्गत कर शीर्षकको ब्याज दर 16% हुन्छ। MGL 60A, खण्ड 2 अन्तर्गत अन्तःशुल्क ब्याज दर 12% हुन्छ।

**मैले मेरो बिलिङ ठेगाना कसरी परिवर्तन वा अद्यावधिक गर्ने?** मूल्याङ्कन विभागले कर बिलको पत्राचार ठेगानाको डाटाबेसलाई कायम राख्दछ। खानेपानी विभागले पानीको बिलको पत्राचार ठेगानाको डाटाबेसलाई कायम राख्दछ। प्रत्येक विशिष्ट विभागलाई उनीहरूका आवश्यकताहरूका लागि सम्पर्क गर्नुहोस्। राज्यकोषले पत्राचार ठेगानाको डाटाबेसलाई कायम राख्दैन। आफ्नो भुक्तानीसँग ठेगाना परिवर्तन नपठाउनुहोस्।

**के मैले अनलाइन र/वा फोनद्वारा बिलहरू भुक्तानी गर्न सक्छु?** तपाईंले सिटीको वेबसाइटमा अनलाइनमा भुक्तानी गर्न सक्नुहुन्छ:
www.somervillema.gov/payments
हाम्रो अनलाइन भुक्तानी बिक्रेता सिटी हल प्रणालीहरूले केही बिलहरूका लागि फोनद्वारा गरिने भुक्तानीहरू स्वीकार गर्छ। टेलिफोन #: 508 381 5455।

**फिर्ता गरिएका चेकहरू:** गैर-पर्याप्त फण्डहरूका लागि भुक्तानी फिर्ता गरिन्छ भने, खातामा $25.00 शुल्क राखिने छ, भनिएको भुक्तानीले $2,500.00 नाघ्दछ भने, म्यासाचुसेट्स सामान्य कानुन, च्याप्टर 60, खण्ड 57A को अनुसार खातामा 1% शुल्क राखिने छ।

**मैले कर बिल प्राप्त गरेन भने के हुन्छ?** तपाईंको सम्पत्ति कर बिल प्राप्त गर्न असफल हुनाले तपाईंलाई करहरू वा तिर्न बाँकी ब्यालेन्स(हरू) मा लाग्ने ब्याज र शुल्कहरू भुक्तानी गर्नबाट छुट दिँदैन। सिटीका प्रत्येक पार्सलका लागि कर बिल निर्माण र पत्राचार गरिन्छ। बिलको प्राप्तिको वावजुद करहरू भुक्तानी गर्ने सम्पत्तिको मालिकको जिम्मेवारी हो। तपाईंलाई नक्कली बिल पत्राचार गर्न दिनका लागि राज्यकोष विभागलाई सम्पर्क गर्नुहोस्। कानूनको सञ्चालनअनुसार, अघिल्लो आर्थिक वर्षको जनवरी 1 सम्मको रेकर्ड मालिकको नाम कर बिलमा हुनुपर्छ। नयाँ सम्पत्तिका मालिकहरूले मूल्याङ्कन विभाग assessing@somervillema.gov लाई सम्पर्क गरेर आफ्नो नाम बिलमा थप्न सक्छन (बिलमा "c/o" को रूपमा देखिन्छ)।

**मेरो धितो कम्पनीले मेरो करहरू भुक्तानी गर्छ, तपाईंले मलाई किन बिल पठाउनुभयो?** कर बिल सिटीका प्रत्येक पार्सलका लागि निर्माण गरिन्छ। कृपया धितो कम्पनीले समयमा तपाईंका करहरू भुक्तानी गर्नका लागि कर तिर्नुपर्ने मितिभन्दा *अगाडिको* महिनामा आफ्नो निलम्ब खाताबाट सामान्यतया कर भुक्तानी फण्डहरू लिन्छन्। कर तिर्नुपर्ने मितिभन्दा अगाडिको महिनामा आफ्नो मोर्टगेज विवरणहरू हेर्नुहोस् र सिटीले तपाईंलाई बिल लगाएको रकमसँग तुलना गर्नुहोस्। धितो कम्पनीहरू र करको सेवा दिने कम्पनीहरूले सिटीबाट विद्युतिय फाइल प्राप्त गर्छन्, उनीहरूले आफूले भुक्तानी गर्न चाहेका खाताहरू छनोट गर्छन् र चिन्हित फाइललाई उनीहरूको रेमिटान्सको साथमा सिटीमा फिर्ता गर्छन्। सिटीले भुक्तानी गरिएअनुसार रियल स्टेटका कर खाताहरू अद्यावधिक गरेर फाइल पोस्ट गर्छन्।

**मैले मेरो सम्पत्ति बिक्री गरेँ र अझै पनि रियल स्टेटको कर बिल प्राप्त गरेको छु। मैले के गर्नुपर्छ?**
कानूनको सञ्चालनद्वारा, अर्को आर्थिक वर्ष (प्रति आर्थिक वर्ष 4 वटा बिल) का लागि जनवरी 1 सम्मको रेकर्डको मालिकको नाम कर बिलमा देखिने छ। तपाईंले कर तिर्नुपर्ने मिति नजिकै आउँदै गर्दा आफ्नो सम्पत्ति बिक्री गर्नुभयो भने, बिक्रीलाई सम्हाल्ने अन्तिम अधिवक्ताको साथमा तपाईंको धितो कम्पनीले तपाईंको तर्फबाट भुक्तानी गरेको छैन भनी प्रमाणित गर्नुहोस्। नयाँ मालिकले मूल्याङ्कन विभागलाई बाँकी आर्थिक वर्षका लागि ठेगानाको "c/o" क्षेत्रको कर बिलमा आफ्नो नाम र ठेगाना "थप्न" का लागि सम्पर्क गर्नुपर्छ। तपाईं सिटीमा बिल फिर्ता गर्न, यसलाई नयाँ मालिकलाई फर्वार्ड गर्न वा बिल त्याग्न सक्नुहुन्छ। कर बिलको ठेगाना डाटा कायम राख्ने काम मूल्याङ्कन विभागको भएको कारणले राज्यकोष विभाग/कर कोषाध्यक्षले गर्दैन।